# अन्तर प्रदेश बासिन्दाको समान सुरक्षा, व्यवहार र सुविधा सम्बन्धी ऐन, २०७५

*(सम्वत २०८१ साल मंसिर मसान्तसम्म भएका संशोधन मिलाइएको)*

लुम्बिनी प्रदेश सरकार

**आन्तरिक मामिला तथा कानून मन्त्रालय**

राप्ति उपत्यका (देउखुरी), नेपाल।

# अन्तर प्रदेश बासिन्दाको समान सुरक्षा, व्यवहार र सुविधा सम्बन्धी ऐन, २०७५

<u>प्रमाणिकरण र प्रकाशन मिति</u>
२०७६/०१/१९

<u>संशोधन गर्ने ऐन</u>

| | |
|---|---|
| प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७८ | २०७८/०९/०१ |

**सम्वत २०७५ सालको ऐन नं. ते.अ.७**

**[×]....<u>अन्तर प्रदेश बासिन्दाको समान सुरक्षा, व्यवहार र सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन</u>**

**<u>प्रस्तावना</u> :** [*]<u>लुम्बिनी प्रदेशले</u> अन्य प्रदेशको बासिन्दालाई समान सुरक्षा, व्यवहार र सुविधा उपलब्ध गराउनका लागि संविधानको धारा २३३ को उपधारा (३) बमोजिम कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

[*]<u>लुम्बिनी प्रदेशको</u> प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>:** (१) यस ऐनको नाम "[×]**....अन्तर प्रदेश बासिन्दाको समान सुरक्षा, व्यवहार र सुविधा सम्बन्धी ऐन, २०७५**" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषा</u>:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) **"प्रदेश"** भन्नाले [*]<u>लुम्बिनी प्रदेशलाई</u> सम्झनु पर्छ ।

---

[×] प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको ऐनद्वारा झिकिएको

[*] प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको ऐनद्वारा संशोधित

moljlumbini.gov

(ख) **"प्रदेश सरकार"** भन्नाले [*]प्रदेशको मन्त्रिपरिषद्लाई सम्झनु पर्छ ।

(ग) **"बासिन्दा"** भन्नाले [*]लुम्बिनी प्रदेश भित्र भित्र स्थायी बसोबास गरेका नेपाली नागरिक र अन्य प्रदेशबाट अस्थायी रुपमा यस प्रदेश भित्र बसोबास गरी आएका नेपाली नागरिक सम्झनु पर्छ ।

(घ) **"व्यवहार"** भन्नाले अन्य प्रदेशबाट यस प्रदेशमा आई बसोबास गर्ने बासिन्दालाई [*]लुम्बिनी प्रदेशमा बसोबास गर्ने बासिन्दा सरह गरिने व्यवहारलाई सम्झनु पर्छ ।

(ङ) **"सुविधा"** भन्नाले [*]लुम्बिनी प्रदेशमा स्थायी वा अस्थायी बसोबास गर्ने बासिन्दालाई प्राप्त हुने सेवा सुविधालाई सम्झनु पर्छ ।

(च) **"सुरक्षा"** भन्नाले यस प्रदेशमा स्थायी तथा अस्थायी बसोबास गर्ने बासिन्दाको जीउज्यान, चलअचल सम्पत्ति, मान सम्मान र प्रतिष्ठाको सुरक्षालाई सम्झनु पर्छ ।

(छ) **"संविधान"** भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ।

(ज) **"स्थायी र अस्थायी बासिन्दा"** भन्नाले [*]लुम्बिनी प्रदेश अन्तर्गतको कुनै पनि जिल्लाबाट नेपाली नागरिकता प्राप्त गरी यस प्रदेशमा स्थायी बसोबास गरिरहेको व्यक्ति तथा प्रचलित कानून बमोजिम निजको परिवारका सदस्य,

moial.lumbini.gov

---

[*] प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको ऐनद्वारा संशोधित

अन्य कुनै पनि प्रदेशबाट *लुम्बिनी प्रदेशमा स्थायी बसोबास गर्ने गरी बसाई सराई गरी आएका व्यक्तिलाई स्थायी बासिन्दा सम्झनु पर्छ र त्यस्तो स्थायी बासिन्दा बाहेकका बासिन्दालाई अस्थायी बासिन्दा सम्झनु पर्छ ।

३. **बासिन्दाको समान सुरक्षा, व्यवहार र सुविधाः** बासिन्दालाई देहाय बमोजिम समान सुरक्षा, व्यवहार सुविधा प्रदान गरिनेछ :-

(क) *प्रदेशमा स्थायी वा अस्थायी बसोबास गर्ने बासिन्दालाई संविधान र प्रचलित संघीय तथा प्रदेश कानून बमोजिम प्राप्त हुने सबै प्रकारको सुरक्षा प्रदान गरिनेछ ।

(ख) *प्रदेशमा स्थायी वा अस्थायी बसोबास गर्ने बासिन्दालाई संविधान र प्रचलित कानून बमोजिम प्रदेशका कुनै पनि व्यक्ति वा संस्थाबाट भेदभावपूर्ण वा असमान व्यवहार गर्न पाइने छैन।

(ग) *प्रदेशमा बसोबास गर्ने स्थायी वा अस्थायी बासिन्दालाई संविधान र प्रचलित कानून बमोजिम सरकारी, सार्वजनिक वा निजी क्षेत्रबाट प्रदान गरिने सबै प्रकारका सुविधाहरु प्राप्त हुनेछ ।

४. **भेदभाव नगरिने** : *प्रदेशका स्थायी वा अस्थायी बासिन्दालाई संविधान र प्रचलित कानून बमोजिम बाहेक कुनै किसिमको असमान तथा भेदभावजन्य व्यवहार गरिने छैन ।

---

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको ऐनद्वारा संशोधित

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको ऐनद्वारा संशोधित

mojal.lumbini.gov

५. **<u>जरिबाना र क्षतिपूर्ति</u>** : (१) कसैले अर्को प्रदेशको बासिन्दा भएको कारण संविधान र प्रचलित कानूनको प्रतिकूल हुनेगरी भेदभाव गरेमा त्यस्तो कार्यलाई कसूर मानिने छ।

(२) उपदफा (१) बमोजिम प्रतिकूल हुनेगरी कसैले कसूर गरेको प्रमाणित भएमा पच्चीस हजार रुपैयाँ देखि एकलाख रुपैयाँसम्म जरिबाना हुनेछ ।

(३) यस ऐन विपरितको काम कारबाहीबाट कसैलाई हानी वा नोक्सानी पुगेमा त्यस्तो हानी वा नोक्सानी पुग्ने पक्षलाई मनासिब माफिकको क्षतिपूर्ति भराई दिनु पर्ने छ।

(४) उपदफा (१) बमोजिमको कसूर गरेमा पीडित व्यक्तिले पैंतीस दिनभित्र कसूर गर्नेका विरुद्ध सम्बन्धित जिल्ला अदालतमा मुद्दा दायर गर्न सक्नेछ ।

(५) उपदफा (१) र (३) बमोजिम मुद्दा दायर हुन आएमा सम्बन्धित जिल्ला अदालतले यस ऐनको अधिकारक्षेत्र प्रयोग गरी प्रचलित कानून बमोजिम मुद्दाको कारबाही र किनारा गर्नेछ ।

६. **<u>विशेष सुविधा प्रदान गर्न सक्ने</u>** : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपालको संविधानको धारा १८ को उपधारा (३) बमोजिमको प्रतिबन्धात्मक वाक्यांशमा उल्लेख भएको वर्ग वा समुदायका

moial.lumbini.gov

*प्रदेशका बासिन्दाहरुको संरक्षण, सशक्तिकरण वा विकासका लागि प्रदेश कानून बमोजिम प्रदेश सरकारले थप सेवा सुविधा प्रदान गर्न सक्नेछ ।

mojal.lumbini.gov

* प्रदेशको नाम सुधार तथा केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको ऐनद्वारा संशोधित